नेपाल सरकार

# युवा तथा खेलकुद मन्त्रालय

(.......................................शाखा)

पत्र संख्या :

चलानी नं. :

सिंहदरबार, काठमाडौं

नेपाल ।

## प्रेश विज्ञप्ति

माननीय युवा तथा खेलकुद मन्त्री श्री जगत बहादुर सुनार (विश्वकर्मा) र पाकिस्तानका अन्तर प्रदेश समन्वय मन्त्री डा. फहेमिदा मिर्जा बीच आज मिति २०७६।०८।१७ गते युवा तथा खेलकुद मन्त्रालयमा शिष्टाचार भेटघाट भएको छ ।

भेटघाटका क्रममा मन्त्री विश्वकर्माले १३ औं दक्षिण एशियाली खेलकुद (SAG) २०१९ को उद्घाटन समारोहमा सहभागी हुनुभएकोमा मन्त्री मिर्जा प्रति हार्दिक धन्यवाद ज्ञापन गर्नु भयो । सो अवसरमा मन्त्री मिर्जाले नेपालले सागको समुउद्घाटन समारोह उत्कृष्ट र व्यवस्थित रुपमा सम्पन्न गरेको भन्दै प्रशंसा गर्नु भयो । चुनौतिहरुका बीचमा नेपालले साग आयोजना गरेको बताउँदै मन्त्री विश्वकर्माले सागलाई सफलता पूर्वक आयोजना गर्न पाकिस्तान र अन्य दक्षिण एशियाली देशहरुले गरेको सहयोगको सराहाना गर्नुभयो । उहाँले सागले यस क्षेत्रका जनतामा आपसी मित्रता र भाइचाराको भावनालाई थप मजवुत् बनाउने विश्वास व्यक्त गर्नुभयो ।नेपाल सरकारले "समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय लक्ष्य तयार गरी अगाडि बढी रहेको जानकारी गराउँदै मन्त्री विश्वकर्माले खेलकुदको विकास र विस्तारले समाजमा रुपान्तरण हुने विश्वास व्यक्त गर्नु भयो ।

नेपालको भौगोलिक अवस्था साहसिक तथा पर्वतीय खेलकुदका लागि अनुकुल भएको बताउँदै मन्त्री विश्वकर्माले सबै सार्क राष्ट्र मिलेर यसको सदुपयोग गर्न आग्रह गर्नुभयो । भेटघाटका अवसरमा पाकिस्तानी मन्त्री डा. मिर्जाले साग गेमले सार्क वडापत्रले लिएको लक्ष्य पुरा गर्न सहयोग पुगेको बताउनुभयो । यस्ता खेलकुद प्रतियोगिताले यस क्षेत्रमा नयाँ अवसर सृजना गर्ने र जनताहरुलाई पनि एक ठाउँमा ल्याउन सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

युवाको विकास र खेलकुदको विकासमा दुई देश बीच अनुभव र सहयोग आदान प्रदान हुन सक्ने बताउँदै मन्त्री मिर्जाले नेपाल भ्रमण वर्ष २०२० ले थप नयाँ अवसर उपलब्ध गराउने बताउनुभयो । अगामी वर्ष नेपाल- पाकिस्तान सम्बन्धको ६० वर्ष पुग्ने बताउँदै मन्त्री मिर्जाले यस अवसरमा नेपाल सरकारका तर्फबाट उच्चस्तरीय भ्रमणको अपेक्षा राखेको समेत बताउनुभयो ।

पाकिस्तान दक्षिण एशियाली क्षेत्रमा शान्ति कायम गर्न तत्पर रहेको बताउँदै मन्त्री मिर्जाले नेपालले पनि यस क्षेत्रमा शान्ति कायम गर्न महत्वपूर्ण भूमिका खेल्न सक्ने बताउनुभयो १४ औं साग पाकिस्तानले आयोजना गर्ने बताउँदै उहाँले नेपालसँग अनुभव आदान प्रदानको आवश्यकता औंल्याउनुभयो । भेटघाटको अवसरमा मन्त्री विश्वकर्माले नेपाल भ्रमण वर्ष २०२० मा पाकिस्तानका जनतालाई निमन्त्रणा समेत गर्नुभयो ।

यस मन्त्रालयमा भएको शिष्टाचार भेटघाटमा युवा तथा खेलकुद मन्त्रालयका सचिव रामप्रसाद थपलिया एवं परराष्ट्र मन्त्रालय सहितको उच्च अधिकारी र नेपालका लागि पाकिस्तानका राजदुतको उपस्थिति रहेको थियो ।

पुष्पराज शाही

प्रवक्ता

सहसचिव, युवा तथा खेलकुद मन्त्रालय

२०७६ मंसिर १७ गते